CCD
Centre for Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र

# Constitution Building e-Bulletin

A quick and easy way to update yourself on the latest CCD news.

प्रिय पाठकवृन्द,

वर्ष १ अङ्क ६, २०१० को संविधान निर्माण इ-बुलेटिन तपाईं सामु प्रस्तुत छ। यसभित्र नेपालमा संविधान निर्माणको क्षेत्रमा कार्य गरिरहेका व्यक्तिका साथै नयाँ संविधानतर्फ नेपालको द्रुत प्रगतिबारे आफूलाई अद्यावधिक राख्न चाहने अन्य नागरिकका निम्ति पनि रूचिपूर्ण एवं सान्दर्भिक जानकारी र स्रोत सामग्री संलग्न छन्। संविधानसभा, संयुक्त राष्ट्रसंघ, दातृ समुदाय, सञ्चार माध्यम, नागरिक समाज संगठन, अन्तरराष्ट्रिय गैसस र अन्य निकायसँगको सामञ्जस्यताबाट यो जानकारी निर्माण गरिएको हो। सहज पहुँचका लागि यो जानकारी संवैधानिक संवाद केन्द्रको वेबसाइट (http://www.ccd.org.np/) मा पनि राखिनेछ। तपाईंले आगामी दिनका अद्यावधिक जानकारी र वेबसाइटका लागि कुनै सहयोगी सामग्री वा जानकारी दिन चाहनुभएमा सो सामग्री यस केन्द्रको सञ्चार टोलीलाई उपलब्ध गराइदिन हुन प्रेरित गर्दछौं। कृपया आफूसँग भएको जानकारीलाई आवश्यक सन्दर्भ सामग्री र वेब लिङ्कसहित info@ccd.org.np मा पठाउनुहोला।

यो इ-बुलेटिन यहाँको निम्ति रोचक र लाभदायी रहनेछ भन्ने आशा गर्दछौं।

यहाँहरूकै,

संवैधानिक संवाद केन्द्र (सीसीडी)

## यस बुलेटिनमा


- **संविधानसभामा के हुँदैछ ?**
- **संवैधानिक संवाद केन्द्रमा के हुँदैछ ?**
- **संविधानसभाका महिला सदस्य शान्तिदेवी चमारसँगको अन्तर्वार्ता**
- **बीबीसी वर्ल्ड ट्रस्टका गतिविधिहरू**
- **संविधान निर्माणका लागि स्रोत सामग्री तथा नयाँ प्रकाशनहरू**

## संविधानसभामा के हुँदैछ ?

### पछिल्ला घट्नाक्रमहरू

१. संविधानसभाको साउन २ गतेको बैठकबाट सभाको कार्यतालिको ११औं संशोधन स्वीकृत भएपछि अहिलेसम्म देखिएको राजनैतिक गतिरोधले संविधानसभाको संविधान लेखन कार्य प्रभावित भएको छ । संविधानसभाको प्रारम्भिक मस्यौदा प्रतिवेदन अध्ययन समिति[1]ले आफ्नो काम सकिसकेको भए तापनि सहमतीय निष्कर्षकमा पुग्न भने सकेको छैन । योजनाअनुरूप, यसले विषयगत समितिका प्रतिवेदनहरू पुनरावलोकन गर्ने काम सकेर राजनैतिक सहमतिमा पुग्न अथवा वैकल्पिक रूपमा संविधानको पूर्ण बैठकमा मतदानद्वारा टुङ्गो लगाउने गरी १७५ वटा प्रश्नावलीहरू तयार गरेको छ ।




२. ती १७५ वटा प्रश्नावलीहरूमध्ये ९७ वटा संवैधानिक समितिहरूसँग, ३२ वटा प्रश्नावलीहरू मौलिक हकको भागसँग, १६ वटा प्रश्नावलीहरू व्यवस्थापिकाको स्वरूपसँग सम्बन्धित छन् भने १० वटा प्रश्नावलीहरू राज्यको शासकीय स्वरूपसँग सम्बन्धित छन् । केही विवादस्पद मुद्दाहरूमा आत्मनिर्णयको अधिकारको हकको मात्रा, बहुलता तथा बहुदलीय प्रणालीबीचको भिन्नता, विशेषाधिकार र भूमिसुधार गर्दा क्षतिपूर्ति व्यवस्थासँग सम्बन्धित छन् ।

३. समितिले औपचारिक रूपमा भदौ १६ गते आफ्नो कार्यसम्बन्धी प्रतिवेदन बुझाउने योजना तय गरेको थियो तर समितिमा प्रतिनिधित्व गर्ने एकीकृत नेकपा (माओवादी) का सभासद्हरूले त्यस बेला त्यसमा हस्ताक्षर गर्न अस्विकार गरेपछि समिति प्रतिवेदन प्रस्तुत गर्न असमर्थ भयो । तर, संविधानसभाको प्रारम्भिक मस्यौदा प्रतिवेदन अध्ययन समितिले असोज १४ गते सभामुख सुवास नेम्वाङसमक्ष थप आठ वटा (तीन वटा प्रतिवेदनहरू पहिल्यै बुझाई सकिएका थिए) प्रारम्भिक प्रतिवेदनहरू बुझायो ।

४. प्रतिवेदन प्राप्त गरेपछि सभामुख नेम्वाङले छलफलका निम्ति विवादास्पद मुद्दाहरू टेबल गर्ने अभिप्रायले संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका संसदीय दलका नेताहरूको बैठक आह्वान गर्नुभयो । संविधानको मस्यौदा तयार गर्ने क्रममा विवाद सिर्जना भए राजनीतिक दलका नेताहरूको बैठक बोलाइने प्रावधान संविधानमा छ ।

---

[1] संविधानसभाले ११ वटा विषयगत समितिहरूमा कुनै विवादस्पद प्रावधानहरू, दोहोरिएका कुराहरू, दोहोरा कार्यहरू, एउटै जस्तो कार्यहरू भए नभएको अथवा समितिहरूले आफ्ना प्रतिवेदनमा कुनै महत्वपूर्ण विषय छुटाएका छन् भनने कुरा थाहा पाउन र यस्ता कमीकमजोरीलाई सम्बोधन यस समितिको गठन गरेको ।

५. संविधानसभामा राजनीतिक दलका नेताहरूसँगको बैठकपछि संविधानसभाको पूर्ण बैठकले चार साताभित्र प्रारम्भिक प्रतिवेदनहरूलाई संवैधानिक समितिमा पठाउने छ र उक्त समितिले सबै ११ वटा समितिका प्रतिवेदनहरूलाई समावेश गरी एकीकृत मस्यौदा तयार गर्नुपर्ने हुन्छ ।

## प्रधानमन्त्री पदको निर्वाचन प्रक्रिया

६. प्रधानमन्त्री पदका निम्ति व्यवस्थापिका-संसदमा असोज १४ गते भएको नवौं चरणको मतदानमा प्रधानमन्त्री पदका लागि नेपाली काङ्ग्रेसका नेता एवम् एकल प्रत्याशी रामचन्द्र पौडेलले १०५ मत मात्र प्राप्त गर्नुभएकोले प्रधानमन्त्री चयन गर्ने कार्य सफल हुन सकेन । उहाँका विरूद्ध दुई मत खसेको थियो भने ६१ मत तटस्थ रह्यो । एमाले र एकीकृत माओवादीका सभासद्हरूले मतदानमा भाग लिएनन् । मतदान हुँदा १६८ सभासदहरू उपस्थित थिए । अर्को निर्वाचन असोज २० गतेका लागि तय गरिएको छ ।

७. अन्तरिम संविधानअनुसार प्रधानमन्त्री चयन गर्न (धारा ३८/२) व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमत आवश्यकता पर्दछ । यसको अर्थ मतदानमा सफल हुन उपस्थित सदस्यको बहुमत मात्र नभएर ३०० सदस्यहरूको (तत्काल कायम ५९९ सदस्यको बहुमत) मतको आवश्यकता पर्नेहुन्छ ।[२]

८. एकीकृत नेकपा (माओवादी) र एमाले दुवैले असोज ७ गते सभामुख सुवास नेम्वाङलाई छुट्टाछुट्टै पत्र लेखी वर्तमान गतिरोधलाई अन्त्य गर्न अन्य विकल्पको खोजीका लागि प्रधानमन्त्री चयन गर्ने हालको प्रक्रियालाई रोक्न अनुरोध गरेका थिए । प्रत्युत्तरमा नेम्वाङले दुवै दलका नेताहरूलाई यो कुरा संसदीय नियमावलीभन्दा बाहिरको भएको जानकारी गराउनु भएको थियो । केही समयअघि उहाँले बाधाअड्चन फुकाउन सभामुखसँग अधिकार भएको कुरा बताउनुभएको थियो तर उहाँले त्यस्तो अधिकारको दुरूपयोग नगर्ने जानकारी गराउनुभयो । उहाँको भनाइलाई हालको निर्वाचन प्रक्रियामा संशोधन गरी नयाँ उम्मेदवार उठ्न सक्ने गरी पुनःनिर्वाचन प्रक्रियाको थालनी गर्ने कुरा सुझाइएको भन्ने रूपमा लिइएको छ । अन्तरिम संविधानमा भएको विद्यमान प्रावधान तथा कार्य सञ्चालन नियमावलीअनुरूप नयाँ प्रधानमन्त्री निर्वाचन नभएसम्म यो पक्रिया चलिरहनुपर्दछ ।

## नागरिक पहुँच कार्यक्रम

---

[२]अन्तरिम संविधानको दईभाषी संस्करणमा अङ्ग्रेजीमा धारा ३८/२ को गलत अनुवाद भएको छ, जसअनुसार "प्रधानमन्त्री कुल उपस्थित सदस्य सङ्ख्याको बहुमतबाट निर्वाचित हुनेछ" भन्ने रहेको छ । जबकि "प्रधानमन्त्री तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट निर्वाचित हुनेछ" भन्ने हुनुपर्ने थियो । गल्तीबाट भ्रम सिर्जना भएकोमा युएनडीपी दुःख प्रकट गर्दछ ।

९. "नयाँ संविधानका लागि आदिवासी जनजातिको सुझाव" विषयक कार्यशाला भदौ २१ - २२ गते धुलिखेलमा आयोजना गरिएको थियो । सन् २००९ देखि युएनडीपीको सहयोगमा नेपालमा सहभागितामूलक संविधान निर्माण परियोजना (एसपीसीबीएन) ले नागरिक समाजका १८ साझेदार तथा अन्य संघसंस्थाको संलग्नतामा देशका ७५ जिल्लाका ३,९१५ गाविसमा समुदाय तहमा संविधानसभाका विषयगत समितिहरूका प्रतिवेदनउपर "लोकतान्त्रिक संवाद" को आयोजना गरेको छ । लोकतान्त्रिक संवादमार्फत् प्राप्त सुझावहरू आदिवासी जनजाति विज्ञ तथा बुद्धिजीवी, एकीकृत नेकपा (माओवादी), एमाले, नेपाली काङ्ग्रेस तथा नेपाल राष्ट्रिय पार्टीका सभासद्हरू, तथा पाँच आदिवासी सम्बद्ध नागरिक समाजका साझेदारहरू संस्थाहरूसँग आदानप्रदान गरिएको थियो । यस बैठकमा आदिवासी जनजातिका सम्बन्धमा उठाइएका मुद्दा तथा सुझावहरू चाँडै लोकार्पण हुनलागेको "आदिवासी जनजाति मुद्दाबारे लोकतान्त्रिक संवादमार्फत् प्राप्त सुझावहरू" सम्बन्धी प्रतिवेदनमा प्राप्त गर्न सकिन्छ ।

१०. एसपीसीबीएनले प्रस्तावित १४ सङ्घीय मध्ये १२ वटा प्रदेशमा सङ्घीय संवाद कार्यक्रम आयोजना गरिसकेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य सङ्घीय सम्बन्धी संवादको पहल गरी जनतामा सचेतना फैलाउनु, नेपालमा यसको प्रयोग, तथा यसका अवसर र चुनौतीहरूबारे जानकारी गराउनु रहेको छ, जसबाट उनीहरू संविधानसभालाई सुधारका लागि सुझाव तथा सिफारिस गर्न समर्थ हुनेछन् । यी कार्यक्रमहरू प्रमुख स्थानीय सरोकारवालाहरूप्रति लक्ष्यित छन्, जसअनुरूप विज्ञहरूद्वारा उनीहरूलाई सङ्घीयताका विविध पक्षमा जानकारी गराई सङ्घीय प्रणाली स्थापना गर्ने क्रममा कार्यक्रमका सहभागीहरूलाई स्थानीय मुद्दा उठाउन अवसर प्राप्त हुन्छ । सङ्घीय संवादको उद्देश्य संवादद्वारा सुरूआत गरिएको छलफलबाट प्रत्येक प्रस्तावित प्रदेशका विशेष स्थानीय मुद्दाहरूलाई समष्टिमा जोडेर हेर्नु रहेको छ ।

११. इन्टरनेसनल आइडीइएले नेपाल ल सोसाइटीको साझेदारी तथा संविधानसभासँगको सयुंक्त प्रयासमा हालसालै प्रत्येक विकास क्षेत्रमा एक-एकवटा संविधान सूचना केन्द्रको स्थापना गरेको छ । यी केन्द्रहरूले संविधानसभालाई मस्यौदा संविधानबारे नागरिक परामर्श गर्ने तथा नागरिकहरूसम्म पुग्न सहयोग प्रदान गर्नेछ । यसबाहेक केन्द्रहरूले संविधानसभा तथा संविधान निर्माण प्रक्रियामा सहयोग पुऱ्याइरहेका अन्य संघसंस्थाबाट सूचना प्रवाह तथा अन्य सान्दर्भिक सामाग्री उपलब्ध गराउने गर्दछन् । यी केन्द्रहरू नेपाल ल सोसाइटीका विराटनगर, भरतपुर, पोखरा, नेपालगञ्ज र धनगढीस्थित कार्यालयमा रहेका छन् ।

**सङ्घीय राज्य संरचनातर्फको सङ्क्रमण**

१२. नयाँ संविधानको मसौदा तयार गर्न तथा नयाँ सङ्घीय राज्य संरचनाका आधारहरू तय गर्न भइरहेको ढिलाइका बावजुद नयाँ संविधान घोषणा पश्चात्को अवधिमा के गर्ने भन्ने तयारीबारे केही महत्वपूर्ण कदमहरू चालिएका छन् । यो अन्तरराष्ट्रिय साझेदारहरूबाट जिम्मेवारी पहिचान गर्न तथा

संविधान निर्माण सम्पन्न भएपछि कार्यान्वयनको चरणमा लिइनुपर्ने सबैभन्दा महत्वपूर्ण कदमहरूबारे पहिले नै बारम्बार सचेत गराइएको कुराको आंशिक परिणाम हो[3] ।

१३. सन् २०६७ बैशाख २७ गते यूएनडीपीद्वारा प्रस्तुत कार्यपत्र "नेपालमा सङ्घीय प्रणाली अवलम्बन गर्दाको व्यवस्थापन: एक अवधारणापत्र" मा "सङ्घीय प्रणालीमा रूपान्तरण हुने क्रममा आवश्यक निर्देशन गर्न, तथा व्यवस्थापन र समन्वय गर्न प्रधानमन्त्रीको नेतृत्वमा एक उच्चस्तरीय आयोग गठन गरिनुपर्ने" सुझाव पनि समावेश थियो । विश्व बैंकजस्ता अन्य साझेदारहरूले पनि त्यस्ता आयोग गठन गर्न सरकारलाई सुझाव दिइरहेका छन् । निश्चित रूपमा यो केही फरक हुने छ तर अन्तरिम संविधानमा उल्लेख गरिएअनुरूप सम्भवःत राज्य पुनःसंरचना आयोगसँग सम्बन्धित हुने छ[4] । सिद्धान्ततः प्रधानमन्त्रीको कार्यालय सङ्क्रमण योजना आयोग गठन गर्न सहमत भएको छ र त्यस्तो आयोग प्रधानमन्त्रीको कार्यालय, अथवा सम्बन्धित निकाय (अर्थात् सामान्य प्रशासन मन्त्रालय, सङ्घीय, संसदीय मामिला तथा संस्कृति मन्त्रालय) तहमा स्थापना गरिनुपर्नेबारे अहिले मन्त्रिपरिषद्मा परामर्श भइरहेको छ । केही दिनभित्र नै यसबारे निर्णय हुने अपेक्षा गरिएको छ ।

१४. नेपाल सरकारको निर्णयबाट सन् २००८ मा स्थापित प्रशासनिक पुनःसंरचना आयोग पनि निकै क्रियाशील भूमिका निर्वाह गर्‍यो । दश सदस्यीय यस आयोगलाई सामान्य प्रशासन मन्त्रीले अगुवाई गर्नुभएको छ[5] । अहिले प्रशासनिक पुनःसंरचना आयोगले विश्व बैंकको सहयोगमा मूलतः प्रशासनिक सुधारलाई विशेष रूपमा दृष्टिगत गरी विस्तृत कार्ययोजना तथा रणनीति तयार गरिरहेको छ । आयोगले सङ्क्रमण योजना तयार गर्ने तथा सङ्क्रमण व्यवस्थापनसम्बन्धी प्रगतिबारे प्रशासनिक पुनःसंरचना आयोगलाई अध्यावधि गर्न प्रत्येक मन्त्रालयमा कार्यदल गठन गर्नुपर्ने कुरा पनि प्रस्तावित गरेको छ । प्रशासनिक पुनःसंरचना आयोग अहिले "निजामती कर्मचारीलाई आवश्यक पर्ने तालिमबारे अध्ययन" र "महानगरीय प्रहरी व्यवस्थापन" गरी दुई अध्ययन प्रतिवेदनमा काम गरिरहेको छ ।

१५. तर सामान्यतया, प्रस्तावित एकदमै जटिल नयाँ राज्य संरचनाहरूले व्यवहारमा कसरी काम गर्नेछन् भन्नेबारे वास्तवमा अनुसन्धान, विश्लेषण र बहसको खाँचो महसुस गरिएको छ । प्रदेशहरू, स्वायत्त क्षेत्र र अन्य विशेष संरचनाहरू, जिल्ला, नगरपालिका र गाविसहरूजस्ता सङ्घीय संरचनाका

---

[3] उदाहरणका लागि युएनडीपीका परामर्शदाता डा. भोला चालिसे (मई २०१०) को "नेपालमा सङ्घीय प्रणाली अपनाउदा गरिने व्यवस्थापन: एक अवधारणापत्र"

[4] यस्तो आयोग गठन गर्न तीन प्रमुख दलहरूले सहमति जनाइसकेका भए तापनि मधेशी तथा अन्य दलहरूले जोडदार विरोध गरेका कारण उक्त कार्य रोकिएको थियो ।

[5] सुरूमा भविष्यको सङ्घीय संरचनासम्बन्धी प्रशासनिक ढाँचा तथा तत्सम्बन्धी आवश्यक सुधारका लागि नेपाल सरकारलाई सल्लाह दिन एक वर्षे कार्याधिकारसहित स्थापना गरिएको यसको अवधि नोभेम्बर २०१० सम्म रहने गरी थप एक वर्षका लागि बढाइएको छ ।

विविध तहहरूबीचको जटिल आर्थिक, कार्यगत, कानुनी र राजनैतिक सम्बन्धबारे विस्तृत अध्ययन अनुसन्धान भएको छैन र यी पक्षलाई राम्ररी बुझिएको छैन ।

## संवैधानिक संवाद केन्द्रमा के हुँदैछ ?

### संवैधानिक संवाद केन्द्रद्वारा आयोजित संवाद तथा सम्मेलन श्रृङ्खलाहरू



**संवैधानिक संवाद केन्द्र संवाद तथा सम्मेलन श्रृङ्खलाअन्तर्गत सङ्घीयता तथा प्रमुख संवैधानिक मुद्दाहरूसम्बन्धी विशेष छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने कार्य २०१० बाट सुरूआत भयो । नेपाली तथा अन्तरराष्ट्रिय विज्ञहरूबाट हुने प्रस्तुति, छलफल, तथा सम्मेलनहरू नयाँ संविधान जारी भएपछि तथा त्यसपछि सङ्घीय राज्यमा नेपाल सफलतापूर्वक रूपान्तरण भएपछि सम्बोधन गरिनुपर्ने मुद्दाहरूबारे सभासद्हरू, उनीहरूका सहयोगी कर्मचारीवर्ग र सर्वसाधारणहरूलाई जानकारी गराउने गरी संरचित गरिएका छन् । यस्ता रोचक कार्यक्रमहरूबारे जानकारी लिँदा यहाँहरूलाई अझ बढी जानकारी प्राप्त गर्ने इच्छा हुनसक्छ । यहाँ भएका प्रस्तुति तथा पावरपोइन्टका स्लाइडहरूबारे विस्तृत जानकारीका लागि info@ccd.org.np मा अनुरोध गरी मेल गर्नसक्नु हुनेछ ।**

### संवैधानिक संवाद केन्द्रद्वारा आयोजित संवाद तथा सम्मेलन श्रृङ्खलाहरू :सैंधानिक संवाद तथा अन्तरक्रिया

### पहिचान तथा सामर्थ्यबीच सन्तुलन - असोज १४

*प्रा. कृष्ण खनाल (त्रिभुवन विश्वविद्यालय) ले २१ सभासद्हरूसहित ३९ सहभागी सम्मिलित कार्यक्रमा आफ्नो प्रस्तुति गर्नुभयो । प्रा. डा. लोकराज बराल (प्रशिद्ध प्राध्यापक तथा नेपाल समसामयिक अध्ययन केन्द्रका प्रमुख) र प्रा. डा. ओम गुरूङ (समाजशास्त्र तथा मानवशास्त्र विभागका प्रमुख, त्रिभुवन विश्वविद्यालय) बाट सहभागीहरूसमक्ष आ-आफ्ना मन्तव्य राख्ने काम भएको थियो ।*



प्रा. कृष्ण खनालले सङ्घीयतासम्बन्धी अझ बृहत् छलफल हुनु आवश्यक भएको दृष्टिकोण राख्नुभयो । अधिकांश प्रदेशहरू जातीय पहिचानका आधारमा बनाइए तापनि यसलाई सन्तुलन गर्न *सुनकोशी* र *नारायणी* जस्ता प्रदेशहरू प्रस्तावित गरिएको कुरा उहाँले औंल्याउनुभयो । प्रस्तावित सबै प्रदेशहरू सङ्घीय

प्रणालीमा रूपान्तरित हुन एकै प्रकारले तयार नभएकोबारे जानकारी गराउँदै उहाँले मुस्लिम तथा दलित जस्ता छरिएर रहेका समुदायका लागि गैर-क्षेत्रगत सङ्घीयता आवश्यक भएको कुरामा जोड दिनुभयो ।

प्रा. ओम गुरूङले अन्य अर्थका अलावा पहिचानको अर्थ जातीयता, संस्कृति र भाषा हो भनी प्रष्ट्याउनु भयो । हाल उपलब्ध तथ्याङ्कद्वारा मात्र सामर्थ्य निर्धारण गर्नु गलत हुने कुरा पनि उहाँले औंल्याउनु भयो । उहाँका अनुसार प्रदेशका भविष्यका सम्भावनाहरूमा विशेष ध्यान दिइनुपर्दछ ।

प्रा. लोकराज बरालले सङ्घीयतासम्बन्धी मुद्दाहरू निर्धारण गर्नका लागि राष्ट्रको जनसाङ्ख्यिक बनोट तथा अन्य विषयहरूबारे राम्रो जानकारी हुनु आवश्यक छ भन्ने कुरामा जोड दिनुभयो । तथ्याङ्कहरू गलत हुनसक्ने तथ्यप्रति होशियार हुनुपर्ने कुरालाई लक्ष्यित गर्दै उहाँले जनताबीच गई उनीहरूका दृष्टिकोण र आकाङ्क्षा बुझ्ने कार्य संविधानसभाका लागि महत्वपूर्ण भएको कुरा प्रस्ट पार्नुभयो ।

**संवैधानिक अदालत : नेपालका लागि विकल्पहरू - असोज ७**

*डा. भीमार्जुन आचार्य (संवैधानिक कानुनविद्) ले ४५ जना सहभागीहरू, जसमध्ये १३ जना संविधानसभाका सदस्यहरू हुनुहुन्थ्यो, समक्ष आफ्नो विचार व्यक्त गर्नुभयो । त्यसपछि श्री काशीराज दाहाल (प्रशासनिक अदालतका अध्यक्ष) ले सहभागीहरूसमक्ष उहाँका टिप्पणी र विचारहरू प्रस्तुत गर्नुभयो ।*



डा. भीमार्जुन आचार्य संवैधानिक अदालतको सरकोकारका सम्बन्धमा अन्तरराष्ट्रिय अनुभवहरूका बारेमा केन्द्रित हुनुभयो । संवैधानिक अदालत राख्ने कि नराख्ने भन्ने मुद्दाले धेरै नै छलफलहरू गराएको कुरा उल्लेख गर्दै उहाँले यो संविधानसभाबाट रोजिनु पर्ने विषय रहेको पनि बताउनुभयो । उहाँले राजनीतिक हस्तक्षेप विना संवैधानिक अदालत गठन गरिएको खण्डमा यसले सर्वोच्च अदालतको भार कम गर्ने हुँदा यो अमूल्य बन्ने कुरामा जोड दिनुभयो । तर उहाँले संवैधानिक अदालतमा राजनीतिक दवाव र हस्तक्षेप हुने भए बेग्लै अदालत हुनुको कुनै प्रयोजन नहुने कुरामा सचेत गराउनुभयो ।

**प्रादेशिक एकाइहरूमा सङ्क्रमणको व्यवस्थापन - भदौ ३१**

*माननीय बब रे (क्यानाडाली संसद्का सदस्य र अन्तरराष्ट्रिय मामिलाका लागि लिबरल पार्टीका प्रवक्ता), डा. मार्कस ब्रान्ड (नीति विशेषज्ञ - एसपीसीबीएन) र जोन एच. सिम्स (नागरिकका तर्फबाट मुद्दा दायर गर्ने व्यक्ति तथा क्यानाडाली मन्त्रालयका सल्लाहकार) ले ६४ जना सहभागीहरूबीच आ-आफ्नो धारणा प्रस्तुत गर्नुभयो, जसमा १२ जना संविधानसभाका सदस्य हुनुहुन्थ्यो ।*

डा. ब्रान्डले उहाँको प्रस्तुति एकात्मक राज्य प्रणालीबाट सङ्घीयतामा नेपालको सङ्क्रमणमा केन्द्रित गर्नुभयो । उहाँले नेपालमा सङ्क्रमणका तीनवटा प्रमुख कार्यसूचीहरू सङ्घीयता र राज्य पुन:संरचनाको

मुद्दा, संस्थाहरूको लोकतान्त्रीकरण, र सामाजिक समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको मुद्दा हुन सक्ने कुरा उल्लेख गर्नुभयो ।



माननीय बब रेले विश्वमा राज्य पुन:संरचना र शासन व्यवस्थाको पुन:संरचना प्रमुख रूपमा आर्थिक कारण र पहिचानको राजनीतिका लागि हुने गरेको उल्लेख गर्नुभयो । उहाँले विकेन्द्रीकरणको कार्यान्वयनका लागि संरचनाको स्थापना गरिनु आवश्यक रहेको र सङ्क्रमण र कार्यान्वयनका लागि संयन्त्रसहित प्रस्तुत हुनका लागि संविधान लेखनलाई नै पर्खनु नपर्ने कुरा उल्लेख गर्नुभयो । उहाँले अन्तरराष्ट्रिय समुदाय र विज्ञहरूले अनुभव र सिकिएका पाठहरूको साझेदारी गर्न सक्ने तर नेपालका लागि उपयुक्त प्रणालीको प्रबन्ध गर्ने काम नेपाली जनताको नै हुने सुझाव दिनुभयो । उहाँले यथास्थितिको अवस्था धेरै लामो समयसम्म रहिरहने हो भने प्रभावहीनताको अवस्था आउने र यसबाट राष्ट्रको भविष्यका लागि अनिष्टकर अवस्था उत्पन्न हुने कुरामा सावधानी गराउनुभयो ।

जोन एच. सिम्सले सङ्घीयताका सन्दर्भमा प्रभावकारी सरकारी सेवाका निकायहरूको भूमिकामा जोड दिनुभयो । उहाँले सङ्क्रमणको अवधिमा नीति र योजनाहरूको वास्तविक सङ्क्रमण गर्न सरकारी सेवाका निकायहरू सक्षम हुने स्पष्ट गर्दै यो कुरालाई कुनै पनि हालतमा उपेक्षा गर्न नहुने बताउनुभयो । उहाँले सङ्घीयतातर्फ लम्कँदा हाम्रा अगाडि असङ्ख्य कामहरू आइपर्ने भएकाले संविधान लेखन कार्य अन्त्य नभई यो थालनी हो भन्ने कुरा पनि बताउनुभयो । उहाँले सङ्क्रमणको प्रक्रियालाई सहज पार्न सरकारी सेवामा रहेकाहरूलाई प्रोत्साहित गर्नु र उनीहरूको नैतिक प्रवर्द्धन गर्नु पर्ने आवश्यकताबारे पनि चर्चा गर्नुभयो ।

**प्रादेशिक विधायिका : प्रकारहरू - भदौ २४**




डा. मार्कस ब्रान्ड (नीति विशेषज्ञ - एसपीसीबीएन), डा. विपिन अधिकारी (वरिष्ठ संविधानविद्) र माननीय मंगलसिद्धि मानन्धरले १४ जना संविधानसभा सदस्यहरूसहितका ८० सहभागीहरूबीच यो विषयमा आ-आफ्नो विचार व्यक्त गनुभयो । डा. ब्रान्डले विभिन्न समितिहरूले आ-आफ्ना क्षेत्रमा महत्वपूर्ण रूपमा काम गरको भए पनि अन्योल/द्विविधालाई स्पष्ट पार्न केही महत्वपूर्ण प्रश्नहरूलाई सम्बोधन गरिनु आवश्यक रहेको विचार व्यक्त गर्नुभयो । प्रादेशिक विधायिकाहरूको मुद्दा तीमध्ये एक रहेको छ । उहाँले अन्तरराष्ट्रिय अनुभवहरूका आधारमा एक वा दुई सदनात्मक विधायिकाका सम्बन्धमा आवश्यकताभन्दा बढी लचकता रहेको सुझाव दिनुभयो । त्यसपछि डा. विपिन अधिकारीले प्रादेशिक विधायिकाको आफ्नै विशिष्ट कार्यक्षेत्र र निर्वाह गर्नुपर्ने भूमिका हुने हुनाले यसलाई केन्द्रको विधायिकाको मातहतको जस्तो नभई एउटा स्वतन्त्र एकाइका रूपमा लिइनुपर्ने कुरा बताउनुभयो । प्रादेशिक विधायिका बजेट, कर र राजस्व सङ्कलन, प्रादेशिक कानुनहरूको निर्माण र अन्य नियमित कामहरू हुनेछन् ।

**दलित, मुस्लिम र अन्य समूहहरूका लागि गैरभौगालिक सङ्घीय व्यवस्थापन - भदौ १७**

श्री माइकल ब्रीन (अस्ट्रेलियन अनुसन्धानकर्ता तथा नीति विश्लेषक) ले यस विषयमा कुल ६१ जना सहभागीहरूसमक्ष आफ्ना विचारहरू प्रस्तुत गर्नुभयो । सहभागीहरूमध्ये १० जना संविधानसभाका सदस्य हुनुहुन्थ्यो । त्यसपछि माननीय मोहना अन्सारी (सदस्य, राष्ट्रिय महिला आयोग) र अधिवक्ता याम किसानलाई टिप्पणी गर्न तथा सहभागीहरूसमक्ष उहाँहरूको धारणा प्रस्तुत गर्नका लागि अनुरोध गरिएको थियो । श्री ब्रिनले गैरभौगोलिक सङ्घीयताको अवधारण तुलनात्मक रूपमा नयाँ रहेको र बेल्जियमबाहेक अरू देशहरूमा व्यापक रूपमा अभ्यासमा नरहेको विचार व्यक्त गर्नुभयो । तर व्यापक विविधताबीच सङ्घीय स्वरूप निर्धारण गर्दा यो ठूलो महत्वको विषय हुनसक्ने उहाँले उल्लेख गर्नुभयो । माननीय अन्सारीले मुस्लिम समुदायलाई राज्यका अन्य निकायहरूका साथै राजनीतिमा प्रतिनिधित्व गराइनुपर्दछ भन्नुभयो । त्यसपछि याम किसानले दलितको समरूपी भाषा वा संस्कृति छैन भन्दै त्यसकारण सामान्य रूपमा बुझिएकोभन्दा प्रक्रिया बढी जटिल रहेको कुरामा सचेत गराउनुभयो ।



**संवैधानिक संवाद केन्द्र संवाद र सम्मेलन शृङ्खला : नेपालमा सङ्घीयता : यसले कसरी काम गर्नेछ ?**

**जडान : एउटा दुर्गम हिमाली प्रदेशले सङ्घीय राज्य संरचनामा कसरी विकास गर्न सक्छ**

२०६७ भदौ १० गते माननीय छिमी दोर्जी लामा, छक्कबहादुर लामा, कपिल लामा र जीवनबहादुर शाहीले प्रस्तावित जडान प्रदेशको जनसङ्ख्याको सानो आकार, धरातलीय स्वरूप, कमजोर आर्थिक तथा पूर्वाधार विकाससँग विशेष रूपमा सम्बन्धित गर्दै जडान प्रदेशको दिगोपनाबारे आ-आफ्नो विचार व्यक्त गर्नुभयो । साथै, उहाँहरूले विज्ञ राय, तथ्य र तथ्याङ्क एवं प्रस्तावित जडान प्रदेशका सम्बन्धमा जनताको अवधारणा प्रस्तुत गर्नुभयो । डा. प्रदीप उपाध्यायले सत्रको सञ्चालन गर्नुभएको थियो । उहाँहरूले सङ्क्रमणकालमा केन्द्रीय सरकारको सहयोगको आवश्यकता औंल्याउँदै जडान प्रदेशको सम्भाव्यताका लागि सडक सञ्जालको विकास अत्यावश्यक रहेको उल्लेख गर्नुभयो ।



**स्वायत्त क्षेत्रहरू र विशेष क्षेत्रहरूको व्यावहारिक प्रभाव**



यो कार्यक्रम १ भदौ २०६७ मा आयेजना भएको थियो । श्री बालकृष्ण माबुहाङले जनसाङ्ख्यिक वितरणका आधारमा प्रस्तावित राज्य संरचनाका सम्बन्धमा उहाँको राय प्रस्तुत गर्नुभयो । उहाँले विभिन्न जातीय समूहहरूको जनसङ्ख्या छरिएर रहेकाले राज्यहरूबीचको प्रस्तावित सिमानाको उचित रूपमा व्यवस्थापन हुन सकेको छैन भन्नुभयो । उहाँले जनजाति, मधेशी र मुस्लिम जनताले राष्ट्रको पुनःनिर्माणको माग गरिरहेका तर सुविधामा रहेका अन्य

समूहहरूले राज्यको पुन:संरचनाको मात्र कुरा गरिरहेकाले यसैमा अहिलेको द्वन्द्व रहेको पनि उल्लेख गर्नुभयो । त्यसको प्रतितिक्रियामा माननीय सभासद सावित्री दुराले राज्यहरूको प्रस्तावित विभाजन दलहरू र विभिन्न सरोकारहरूबीचको सम्झौता हुनुपर्छ भन्नुभयो । उहाँले स्वायत्तता विनाका राज्यहरूले सही मानेमा सङ्घीयतालाई आत्मसात गर्दैनन् भन्ने दावी पनि गर्नुभयो ।

## संवैधानिक संवाद केन्द्रद्वारा सहयोग गरिएका अन्य कार्यक्रमहरू

### सङ्क्रमणमा रहेका देशहरूका नेताहरूसँग छलफल कार्यक्रम

११ भदौ २०६७ मा प्रा. डा. एन. आर. माधव मेनन (अन्तरराष्ट्रियस्तरमा प्रशिद्ध कानुनी शिक्षासेवी) र प्रा. डा. पाउलुस इफ्फेन्डी लोटुलुङ्ग (इन्डोनेसिया सर्वोच्च अदालतका उप-प्रधानन्यायाधीश) ले १४ जना संविधानसभा सदस्यहरूसहित जम्मा २४ जना सहभागीहरू समक्ष 'न्यायपालिका' र 'संवैधानिक कानुन' का विभिन्न पक्षहरूबारे उहाँहरूका धारणा प्रस्तुत गर्नुभयो । डा. लोटुलुङ्गले इन्डोनेसियाका न्यायिक तथा संवैधानिक अनुभवहरू र यससम्बन्धमा अवलम्बन गरिएका विभिन्न उपायहरूको प्रस्तुत गर्नुभयो । उहाँले सर्वोच्च अदालतका लागि संविधानको व्याख्या, अन्तरराज्य र अन्तरनिकाय विवाद निरूपण, निर्वाचनसम्बन्धी विवाद निरूपण गर्न अधिकार र महाभियोगको अधिकार जस्ता अधिकार क्षेत्रहरू समावेश गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।



प्रा. डा. माधव मेननले समावेशिताको खोजी र संविधान निर्माण प्रक्रियालाई सहभागितामूलक बनाउने अर्थमा नेपालको संविधान निर्माण प्रक्रिया असामान्य रहेको उल्लेख गर्नुभयो । उहाँले संविधान जीवन्त दस्ताबेज भएको उल्लेख गर्दै यसलाई जीवन्त दस्ताबेज बनाउन समय लाग्ने कुरामा जोड दिनुभयो । उहाँले संविधानका अवयवहरूका साथै न्यायपालिकाको स्वतन्त्रता र जवाफदेहिताबारे चर्चा गर्नुभयो ।

## संवैधानिक संवाद केन्द्रमा भएका बाह्य निकायकार्यक्रम

### सङ्घीयताअन्तर्गत प्रहरी सेवा प्रदानमा अन्तरराष्ट्रिय अनुभव

संयुक्त अधिराज्यको अन्तरराष्ट्रिय विकास मन्त्रालय (डीएफआईडी) द्वारा आयोजना र संवैधानिक संवाद केन्द्रद्वारा सहयोग गरिएको यो प्रस्तुति र छलफल कार्यक्रम ३० असोज २०६७ मा सम्पन्न भएको थियो । *प्रा. डा. ओटविन मारेनिन* (वासिङ्गटन स्टेट विश्वविद्यालयमा अपराध न्याय कार्यक्रम, संयुक्त राज्य अमेरिका) र *डा. फिलिप एच. फ्लुरी* ( उपनिर्देशक, सशस्त्र बललाई लोकतान्त्रिक नियन्त्रण केन्द्र, जेनेभा स्वीटजरल्यान्ड) ले ९ जना संविधानसभा सदस्यहरूसहित जम्मा ३३ जना सहभागीहरूबीच उहाँहरूका अवधारणा प्रस्तुत गर्नुभयो । नेपाली सन्दर्भको तुलनाका लागि डा. मारेनिनले सङ्घीयता अवलम्बन गरिएका ६ वटा विभिन्न देशहरूमा प्रहरी सेवाको अन्तरराष्ट्रिय अनुभव प्रस्तुत गर्नुभयो ।



## माननीय शान्तिदेवी चमारसँगको अन्तर्वार्ता

### सामाजिक परिवर्तनका लागि प्रेरक व्यक्तित्व

संविधानसभामा नेकपा (एमाले)लाई प्रतिनिधित्व गर्नुहुने माननीय शान्तिदेवी चमार राजनीतिमा प्रवेश गर्नुअघि कपिलवस्तुको गाउँ विकास कार्यक्रमका अध्यक्ष हुनुहुन्थ्यो ।[६] त्यस क्षेत्रमा प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने उहाँ एक मात्र महिला भएको हुनाले उहाँलाई अध्यक्ष नियुक्त गरिएको थियो । आफ्नो पदमा रहँदा उहाँले निकै मिहनेतका साथ काम गर्नुभयो, किनभने वडा कार्यालय र जिल्ला विकास समितिबाट सेवाहरू लिन कति कठिन छ भन्ने कुरा उहाँले बुझ्नुभएको थियो । यद्यपि वडामा काम गर्दा उहाँले दलित भएका कारण भेदभावको सामना गर्नुपऱ्यो । फलस्वरूप उहाँको कुरा कहिल्यै पनि सुनिएन र समितिमा माथिल्लो जातिका मानिसहरूसँगै बस्ने पनि उहाँलाई स्वीकृति थिएन । यो भेदभावका विरूद्ध आवाज उठाउँदा आफूलाई अनावश्यक रूपमा सताइएको उहाँ बताउनुहुन्छ । त्यसपछि उहाँले नेपाली काँग्रेस छोडी नेकपा (एमाले)मा प्रवेश गर्नुभयो किनभने उहाँलाई नेकपा (एमाले) काँग्रेसभन्दा कम विभेदकारी पार्टी रहेको अनुभव गर्नुभयो । दलित महिला भएको कारण उहाँलाई एकपटक एउटा खिया लागेको थालमा खाना दिइएको घटना *सीसीडी* संविधान निर्माण ई-बुलेटिनलाई सुनाउँदा आखाबाट आएको आँशुलाई उहाँले थाम्न सक्नुभएन ।



फोटोः नेपाली टाइम्स

***सीसीडी* : तपाईं सभासद्का रूपमा कसरी निर्वाचित हुनुभयो ?**

**मा. शान्ति देवी** : हेर्नुहोस्, तराईमा महिलाविरूद्ध हुने गरेको भेदभावका बारेमा तपाईंलाई त थाहै होला । हाम्रो समाजमा पुरूषहरूसँग बसेर छलफल गर्ने मौका हामीले विरलै पाउँछौं । यसैकारण राजनीतिमा प्रवेश गर्ने वा अन्य त्यस्तै सामाजिक कार्यमा सहभागी हुने महिलाहरूको संख्या न्यून छ । तर म नेकपा (एमाले)मा निकै माथिल्लो पदमा रहेर काम गरिरहेको हुनाले, त्यसको कदर स्वरूप पार्टीले मलाई समानुपातिक प्रतिनिधित्वअन्तर्गत सभासद् हुने अवसर प्रदान गऱ्यो ।

***सीसीडी* : दलित महिला भएका कारण तपाईंले भेदभावको सामना गर्नु परेको कुनै घटनाका बारेमा बताउनु सक्नुहुन्छ ?**

**मा. शान्ति देवी** : तराईमा मैले एक पटक प्रजनन् स्वास्थ्यसम्बन्धी तथ्याङ्क सङ्कलनकर्ताको काम गरेको थिएँ । तथ्याङ्क सङ्कलन गर्न म एक पटक कथित माथिल्लो जातिको घरमा पुगेकी थिएँ । त्यहाँ

मलाई आवश्यक जानकारी लिन जेठ महिनाको मध्य दिनको घाममा आधा घण्टा पर्खनु परेको थियो । तथ्याङ्क सङ्कलन गरिसकेपछि पानी खान माग्दा, सार्वजनिक धारामा गएर खानू भनियो ।

***सीसीडी*** **: तपाईं सभासद् भएपछि तपाईंप्रतिको व्यवहारमा केही परिवर्तन भएको पाउनु भएको छ ?**

**मा. शान्ति देवी** : मेरो अनुभवले के देखाउँछ भने भेदभावको स्तर धेरै हदसम्म मानिसको आर्थिक अवस्थामा निर्भर हुन्छ । माथि मैले भनेको भेदभाव हामीलाई दिनको दुई छाक टार्न पनि गाह्रो हुँदाको बेलाको हो । तर जब म सक्रिय राजनीतिमा प्रवेश गरेँ र मेरो परिवारको आम्दानी पनि बढ्न थाल्यो, त्यसपछिको अवस्था निकै फरक थियो । अब भने विल्कुलै फरक छ । तरपनि भेदभाव भने अझै कायमै छ, र विशेषगरी साक्षरताको तह कम भएको ठाउँमा यो विद्यमान छ । पक्कै पनि शिक्षाले त्यस्ता कुरीतिहरूका विरूद्ध परिवर्तन ल्याएको छ । यसरी भन्नुपर्दा भेदभावको मात्रा पहिलाको भन्दा कम भएको छ ।

***सीसीडी*** **: अहिले तपाईं संविधान निर्माणको ऐतिहासिक कार्यमा संलग्न हुनुहुन्छ । नयाँ संविधान निर्माणको सन्दर्भमा दलित महिलाका मुद्दाहरूलाई तपाईंले कसरी उठाइरहनु भएको छ ?**

**मा. शान्ति देवी** : दलित र दलित महिलाका मुद्दाहरूलाई मैले म सदस्य रहेको संविधानसभा राज्यको पुनःसंरचना र राज्य शक्तिको बाँडफाँड समितिमा उठाउँदै आएको छु । दलित महिलाहरूका लागि शिक्षा, रोजगार र भूस्वामित्वसहित अन्य विशेष व्यवस्थाहरू गरिएका छन् । यस प्रतिवेदनमा फरक मतहरू रहे तापनि दलित महिलाहरूलाई अधिकार र न्याय प्रदान गर्ने सम्बन्धमा फरक मतहरू हुने छैनन् भन्ने कुरामा म विश्वस्त छु । हुनत मैले पनि प्रतिवेदनमा स्थानीय तहमा पनि ७% आरक्षणको माग गर्दै फरक मत जाहेर गरेकी छु ।

***सीसीडी*** **: महिला र आदिवासी कःकसहरू जस्तै दलित सभासद् महिलाहरूका लागि पनि कःकसको आवश्यकता महसुस गर्नुभएको छ ?**

**मा. शान्ति देवी** : दलित सभासद्हरूको कःकस भए तापनि दलित महिला सभासद्हरूको भने छुट्टै कःकस छैन । दलित कःकसमा ४९ जना दलित सभासद्हरू आवद्ध छन् । यसमा रहेर हामीले विषयगत समितिहरूका प्रतिवेदनहरूको विश्लेषणमा आधारित दलित समुदायका सरोकारसँग सम्बन्धित एउटा २० बुँदे मागपत्र पनि तयार गरेका छौं ।

***सीसीडी*** **: अत्यमा, २०६८ जेठभित्र नयाँ संविधान जारी हुन्छ भन्ने कुरामा तपाईं कतिको आशावादी हुनुहुन्छ ?**

**मा. शान्ति देवी** : मेरो विचारमा संविधान निर्माण प्रक्रियालाई द्रुत गतिमा अघि बढाउन राजनीतिक गतिरोधको अन्त्य गरी राष्ट्रिय सहमतिको सरकार निर्माण गरिनुपर्दछ । त्यदि त्यो नभएमा अर्को वर्षको जेठसम्ममा संविधान जारी गर्न कठिन हुनेछ । यद्यपि हामी महिला सभासद्हरू संविधान समयमै जारी भएको सुनिश्चित गर्ने प्रयासमा लागिनै रहनेछौं । मेरो विचारमा राष्ट्रको बृहत्तर हित प्राप्तिका लागि हामीले दलीय स्वार्थबाट माथि उठ्न सक्नुपर्दछ ।

## बीबीसी वर्ल्ड सर्भिस ट्रस्टका गतिविधिहरू

**साझा सवाल कार्यक्रमका अद्यावधिक जानकारी**

यस अवधिमा साझा सवाल कार्यक्रमले विश्वव्यापी व्यापकता पायो । हामीले कार्यक्रमको एउटा अंक संयुक्त राज्य अमेरिकाबाट नेपाली डायस्पोराको सेरोफेरोमा रही प्रस्तुति र उत्पादन गरी प्रसारण गऱ्यौं । कार्यक्रमको १४४औं अंकमा नेपाली राजनीतिमा वैदेशिक हस्तक्षेप कुन हदसम्म रहेको छ भन्ने विषयमा जोड दिइएको थियो र हाम्रो सबैभन्दा पछिल्लो कार्यक्रम चाहिं "नया संविधानमा कस्तो खालको कल्याणकारी राज्यको व्यवस्था हुनुपर्दछ ?" भन्ने विषयमाथिको छलफलमा केन्द्रित थियो । अमेरिकामा आयोजित पहिलो कार्यक्रम "नेपालको शान्ति प्रक्रिया र संविधान लेखनमा नेपाली डायस्पोराको दृष्टिकोण"भन्ने विषयमा थियो । यो कार्यक्रम १३ असार २०६७ का दिन बाल्टिमोरस्थित होटेल रेडिसन क्रस की मा रेकर्ड गरिएको थियो । उक्त कार्यक्रममा व्यापारी, जागिरे, शिक्षक र विद्यार्थीलगायत विभिन्न क्षेत्रका ८० जना दर्शकहरू सहभागी थिए ।

**नेपालको राजनीतिमा बैदेशिक हस्तक्षेप कुन हदसम्म रहेको छ ?** यो छलफल भारतीय प्रधानमन्त्रीका विशेष दूत श्याम शरणसँगका कुरापछि र नेपालको संविधान सभाले तेस्रो चरणको चुनावमा पनि प्रधानमन्त्री चयन गर्न नसकेपछि गरिएको हुँदा समसामयिक महत्वको कार्यक्रम थियो । कार्यक्रमका प्यानल सहभागीहरूमा निम्नलिखित ३ जना रहेका थिए :

- रामकुमार शर्मा ( केन्द्रीय समिति सदस्य, एकीकृत नेकपा माओवादी )
- गगन थापा ( सभासद, नेपाली कांग्रेस)
- प्राध्यापक पी. खरेल (विश्लेषक)

कार्यक्रमका सम्पूर्ण सहभागीहरूले मुलुकका मुख्य दलहरूबीच राजनैतिक सहमतिको अभावका कारण पनि आंशिकरूपमा वैदेशिक हस्तक्षेप बढ्दै गएको कुरा स्वीकार गरे । सभासद गगन थापाले मुलुक आर्थिक रूपमा समृद्ध बन्न र आफ्नै खुट्टामा उभिनसकेमा वैदेशिक हस्तक्षेपलाई निमिट्यान्न पार्न सकिने कुरा बताउनुभयो । प्राध्यापक खरेलले भन्नुभयो, "हामी वैदेशिक प्रभावलाई रोक्न सक्दैनौं ।" "वैदेशिक हस्तक्षेप रोक्नका लागि नेताहरूले आफ्नै खुट्टामा उभिनुपर्ने" उहाँले विचार राख्नुभयो । अगाडि बोल्दै उँहाले भन्नुभयो, "हस्तक्षेपको एउटै कारण गरिबीमात्र होइन । बढ्दो वैदेशिक स्वार्थहरूको कारण मुलुकको भूराजनैतिक परिस्थिति पनि हो ।" कार्यक्रमको अन्तमा नेपाली सेवाको इमेल ठेगाना दिएर अझ बढी टिकाटिप्पणी तथा विचारहरू आव्हान गरियो । यी मुद्दाहरू उठान गरेकोमा हाम्रा श्रोता, दर्शकहरूले हाम्रो फेसबुक पेजमार्फत् हामीलाई धन्यवाद ज्ञापन गरे ।

**नयाँ संविधानमा कस्तो प्रकारको कल्याणकारी राज्यको व्यवस्था हुनेछ ?**

पछिल्ला चार महिनामा एक हजारभन्दा बढी आत्महत्याका घटनाहरू भएका खबर प्रकाशमा आएका छन् । देशैभरि यसरी आत्महत्या गर्ने प्रवृत्ति हालैका महिनाहरूमा विभिन्न कारणले बढ्दै गइरहेको देखिन्छ । यस्ता कारणहरूमा गरिबी, चरम निराशा, वेरोजगारी, प्रेम सम्बन्धमा आउने दरारलगायतका कारणहरू समावेश छन् । साझा सवालको यस अंकले सामाजिक कल्याणकारी राज्यको विषयमा छलफल चलायो र सोसम्बन्धी नयाँ संविधानमा कस्तो प्रावधान हुनुपर्दछ तथा नागरिक समाजले कस्तो खालको सहयोग सञ्जालको अपेक्षा गर्न सक्छ भन्ने विषयमा पनि बहस केन्द्रित गऱ्यो ।

कार्यक्रमका प्यानल सहभागीहरूमा निम्नलिखित ३ जना व्यक्तित्व रहेका थिए :

- सीके लाल ( समाजशास्त्री/मानवशास्त्री)
- विन्दा पाण्डे (सभासद, सभापति, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति)
- डा. निराकारमान श्रेष्ठ (मनोविश्लेषक)

अग्रपंक्तिका अतिथिमा नेकपा एमालेका सभासद र समाजशास्त्री शान्ता नेपाली हुनुहुन्थ्यो । सबै प्यानलिष्टहरूले नेपाल हाल कल्याणकारी राज्य नरहेको कुरा स्वीकार गर्नुभयो । र यसले यो हैसियत प्राप्त गर्न पनि धेरै चुनौतीहरू खेप्नुपरेको छ । नयाँ संविधानले जनताका आधारभूत मौलिक अधिकारहरू प्रत्याभूत गर्नुका साथै यी मुद्दाहरू सम्बोधन गर्नुपर्दछ ।

**सीके लाल ( समाजशास्त्री/मानवशास्त्री) :** "हाम्रा सामाजिक मूल्य प्रणालीमा आएको व्यापक परिवर्तन, परिवारको बदलिँदो स्वरूप -बढी वैयक्तिक हुँदै गएको )र बजारमूखी समाजको तिब्र वृद्धिले पुरातन सामाजिक, साँस्कृतिक र धार्मिक पद्दतिहरूलाई विस्थापित गरिदिएको छ र एउटा पूर्ण नयाँ प्रणाली स्थापित भएको छ । यसको अर्थ के हो भने जो संघर्ष गर्न सक्छन् ती बाँच्नेछन् र जो सक्दैनन् ती लोप हुनेछन् । हालको हाम्रो अवस्था ठिक यस्तै छ ।" हामीले राज्यविहीनताको चरणबाट गुज्रिनुपरिरहेको उहाँको विचार छ । जो अघिदेखि नै सक्षम छन् उनीहरूले त आफ्नो जोहो गर्न भ्याउनेछन् तर असहाय र आशा नभएकाहरूले भने त्यो पनि गर्न सक्ने छैनन् । उनीहरूलाई राज्यको सहयोगको खाँचो पर्दछ र त्यस्तो अपेक्षा पनि रहन्छ । उहाँले अगाडि भन्नुभयो जनताहरूले सरकारमा आश्रित नभई राम्रा काम तथा रोजगारीहरूको सिर्जना गरेर स्वाधीन हुनु जरूरी छ । किनकि उहाँको विचारमा अन्ततोगत्वा नेपालको सामर्थ्यले एउटा पूर्ण कल्याणकारी राज्यव्यवस्था धान्न सक्दैन ।

**बिन्दा पाण्डे :** संविधानको नयाँ मसौदामा व्यक्तिका स्वास्थ्य, रोजगारी, शिक्षा, र भूभि सुधारसम्बन्धी दर्जनौं व्यवस्थाहरू गरेर हामीले यस्ता मुद्दाहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छौं । एउटा नयाँ खालको कर प्रणाली कार्यान्वयन विकास गरिनुपर्ने उहाँले तर्क गर्नुभयो जसले गर्दा गरीब र अभावमा बाँचेकाहरूलाई लाभ पुग्न सकोस् । सरकारले प्रत्येक व्यक्तिका लागि रोजगारी र खाना उपलब्ध गराउन त सक्दैन तर कम्तीमा यस्ता प्रावधानहरू राख्न भने सक्छ ता कि सबैले आत्म निर्भर हुन र आर्थिक रूपमा स्वतन्त्र हुन सिकून् ।

**डा. निराकार मान श्रेष्ठ (मनोविश्लेषक)** : "गरीब र धनीहरूकाबीचको दूरी नै प्रमुख समस्या हो । राज्यले यी मुद्दाहरूमा सचेत रहनुपर्दछ र सम्भव भएसम्म यो दूरी अझै ठूलो हुनुभन्दा अगावै सम्बोधन पनि गर्नुपर्दछ । अनुसन्धानले के देखाउँछ भने पछिल्ला २७ बर्षहरूमा आत्महत्याका घटनाहरू झण्डै दोब्बर वृद्धि भएका छन् र ती चरम निराशाका कारण हुने गरेका छन् । र मानिसहरू यस्ता निराशाका शिकार हुनुका प्रमुख कारणहरू सामाजिक र राजनैतिक हुने गरेका छन् ।" डा. श्रेष्ठका अनुसार "परिवार, समाज र राज्यका तर्फबाट पनि सहयोग पाइएन भने उनीहरूमा तनाव उत्पन्न हुन्छ र यसले आत्महत्या गर्नेतिर डोऱ्याउँछ ।" गरीब, गाँउ र ग्रामीण बस्तीहरूमा बस्ने जनतालाई पनि नगर तथा शहरहरूका बासिन्दाजस्तै व्यवहार गर्न सकिएको खण्डमा यसरी आत्महत्या गर्नेहरूको संख्यामा कमी आउनेछ ।" स्वास्थ्य, शिक्षा, रोजगारी र सशक्त सामाजिक सुरक्षाजस्ता विषयहरूमा सबै व्यक्तिले एकनासको सुविधा प्राप्त गर्नुपर्दछ ।
(अग्रपंक्तिका अतिथि)


**शारदा नेपाली (हालसालै आत्महत्या प्रयास गर्नुभएका सभासद)**
"म अचेल राम्रो महसुस गरिरहेको छु। मैले अहिले मभित्र नयाँ आशाको सञ्चार भएको महसुस गरेकी छु। अहिले हामीले नयाँ दल गठन गरेका छौं र यसले मेरो जीवनमा नयाँ दिशानिर्देश गर्न सहयोग पुग्नेछ। मलाई लाग्छ आफ्ना जनताहरूमा आशाको सञ्चार गराउने जिम्मेवारी राज्यको हो र धनी तथा गरीबहरूबीचको असमानतालाई निर्मूल पारिनुपर्दछ।"

**दर्शकदीर्घाबाट आएका टिप्पणीहरू**


- स्वास्थ्य, शिक्षा, आवास, रोजगारी र अन्य आधारभूत आवश्यकताहरूको प्रत्याभूति सरकारले गर्नुपर्दछ र भत्तासम्बन्धी अझ राम्रो प्रावधान राखिनुपर्दछ।
- राजनैतिक दलहरू अझ बढी जवाफदेही हुनुपर्दछ।
- राजनैतिक दलहरूले नयाँ संविधानमा जनताको प्रतिनिधित्व राम्ररी र अझ बढी स्वच्छढंगले भएको सुनिश्चित गर्नुपर्दछ।
- वास्तविक खाँचोमा परेका जनताले उचित सुविधा पाइरहेका छैनन् जबकि राजनैतिक नेताहरूसँग नजिक रहेकाहरू भने लाभ लिइरहेकैछन्। यस्तो प्रणालीको अन्त्य हुनुपर्दछ।
- राज्यले विभिन्न तरिकाहरू अपनाउनुपर्दछ र गरीब र वास्तविक खाँचोमा परेकाहरूका मुद्दाहरूलाई नयाँ नीतिहरूमार्फत सम्बोधन गरिनुपर्दछ।

## संविधान निर्माणसम्बन्धी सामग्री तथा नयाँ प्रकाशनहरू


**राजनीतिक जवाफदेहिता : संविधान निर्माण प्रक्रियासम्बन्धी बृहत् सन्दर्भ पुस्तक** कुमार यात्रुद्वारा सम्पादित र मिरेष्ट नेपालद्वारा सन् २०१०मा प्रकाशित भएको हो । प्रस्तुत पुस्तक विभिन्न विज्ञहरूद्वारा प्रस्तुत गरिएका अनुसन्धानमूलक कार्यपत्रहरू संग्रहित सामग्री हो । पुस्तकले संविधानसभा र संविधान निर्माण प्रक्रियासँग सम्बन्धित विषयहरूमा प्रकाश पारेको छ । यस पुस्तकलाई संविधानसभा सदस्यहरू, यसका प्राविधिक सहयोगी र संविधान निर्माण प्रक्रियामा कार्यरत सरोकारवालाहरूका निम्ति पनि उपयोगी बनाउनका लागि भरमग्धुर प्रयास गरिएको छ । पुस्तकको भाषा नेपाली रहेको छ ।




**रोनाल्ड एल वाट्सद्वारा लिखित संघीय प्रणालीहरूको तुलना (Comparing Federal Systems)** नामक पुस्तकमा पूर्णतः अद्यावधिक जानकारी रहेका छन्। पुस्तकको प्रस्तुत तेस्रो संस्करणले संघहरूका विभिन्न प्रकार र संघीय अभ्यास अनुभवका बारेमा सन्दर्भ समेटेको छ। पुस्तकमा समाविष्ट उदाहरणहरूमा स्वीजरल्याण्ड, क्यानाडा, अष्ट्रिया, जर्मनी, र भारतजस्ता देशहरू परिपक्व संघकारूपमा रहेका छन् भने उदीयमान संघका रूपमा रहेका मेक्सिको, मलेशिया, पाकिस्तान, स्पेन, ब्राजिल, बेल्जियम, रूस, अर्जेन्टिना, इथियोपिया, दक्षिण अफ्रिका, नाइजेरिया र भेनेज्युएला रहेका छन्। त्यसैगरी साना संघहरू (micro federations)का रूपमा माइक्रोनेशिया, बेलाउ, सेन्ट कीट्स एण्ड नेभिस,




र कोमोरोसजस्ता देशहरूको व्याख्या गरिएको छ । पुस्तकमा समेटिएका संघीय अनुभवहरूमा संघीय-महासंघ मिश्रित/ठिमाहाखालका प्रणालीहरूको सूचीमा संयुक्त अरब इमिरेट्स र यरोपेली संघ रहेका छन् । द्वन्द्वोत्तर संघीय अनुभवहरूमा बोस्निया हर्जगोभिना, सुडान, इराक, र कंगो रहेका छन् । पुस्तकले असफल संघहरूका उदाहरण पनि समेटेको छ । यसका अतिरिक्त वाट्सले यस पुस्तकमा सामाजिक विविधता र राजनैतिक संघसंस्थाहरूबीच हुने अन्तरक्रिया, अधिकार तथा वित्तीय स्रोतसाधनको वितरण, समायोजनमा लचकता वा कठोरतासम्बन्धी प्रक्रियाहरू,  तथा आन्तरिक समरूपता वा असमरूपताको हद, संघीय संघसंस्थाहरूमा प्रतिनिधित्वको चरित्र, संवैधानिक अदालतहरूको भूमिका, संवैधानिक अधिकार र व्यक्तिगत अधिकार, केन्द्रीयकरण र केन्द्रीकरण नगर्ने विषय, संघीय प्रणालीका विकास, प्रक्रिया, समस्याआदि विषयहरूसम्बन्धी चर्चा गर्नुभएको छ ।




**संविधान सभाका अवधारणा पत्र तथा विषयगत समितिका प्रारम्भिक मसौदाहरूमा व्याख्यात्मक टिप्पणी (भाग १)** नेपाल कानुन समाज, आइडिया इन्टरनेसनल र संविधानसभाको संयुक्त प्रकाशन प्रस्तुत पुस्तकमा ६ वटा अवधारणापत्र तथा प्रारम्भिक मसौदाहरूमा रहेका सबल र दुर्बल पक्षहरूको समीक्षा गर्दै विज्ञहरूले कानुनी तथा संवैधानिक मान्यताका दृष्टिकोणबाट आफ्ना राय सुझावहरू व्यक्त गरेका छन् ।

~***~